[redacted] ९८५८०३८१७८ /९८५८०३८३७८

चामुण्डा विन्द्रासैनी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

जम्बुकाँध, दैलेख

कर्णाली प्रदेश ,नेपाल

**विषय : शिलवन्दी दरभाउपत्र आव्हान गरिएको सूचना ।**

**प्रथम पटक प्रकाशित भएको मिति २०७८/१२/१६**

चामुण्डाविन्द्रासैनी नगरपालिका, जम्बुकाँध दैलेखले आर्थिक वर्ष २०७८/७९ को कार्यक्रम अनुसार **देउती आ.वि. भवन निर्माण** गर्नु पर्ने भएकोले योग्य, फर्म ,संस्था वा कम्पनीहरुबाट देहाय बमोजिमको विव्वरण उल्लेख गरि यो सिलवन्दी दरभाउपत्रको सूचना आव्हान गरिन्छ ।

**तपसिल**

१) सिलवन्दी दरभाउपत्र फाराम पाईने स्थान र दस्तुर : चामुण्डाविन्द्रासैनी नगरपालिकाको कार्यालय, जम्बुकाँध दैलेख, दस्तुर रु **१०००।००**

२) सिलवन्दी दरभाउपत्रको साथमा रु **५०,०००।००** को जमानत वापत धरौटी रकम नेपाल एसविआई बैंक ,शाखा कार्यालय चामुण्डा स्थित चामुण्डा विन्द्रासैनी नगरपालिका को धरौटी खाता नम्बर ग(३) ४१२२५२४०६००००७ मा जम्मा गरेको सक्कल बैक भौचर वा सो रकम बराबरको मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको कम्तिमा ७५ दिन सम्मको मान्य भएको निशर्त जमानत पेश गर्नु पर्नेछ ।

३) यो सूचना सार्वजनिक भएको मिति देखि २०७८/१२/३० गते सम्म दरभाउपत्र फाराम सम्बन्धित वा अधिकार प्राप्त प्रतिनिधिले नविकरण गरेको निर्माण व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र ,अधावधिक नविकरण फर्म, सँस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मूल्य अभिबृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN ) प्रमाणित प्रमाणपत्र, आर्थिक वर्ष ०७७/७८ सम्मको कर चुक्ता प्रमाणपत्र पेश गरेपछि सिलवन्दी दरभाउपत्र फाराम यस कार्यालयबाट उपलब्ध गराईनेछ ।

४) खरिद गरिएका दरभाउपत्र फारमहरुको महलहरु (केरमेट नगरि टिपेक्स नलगाई केरमेट गर्नु परेमा सहीछाप गरि) स्पष्ट रुपमा भरि प्रत्येक पानामा सहिछाप गरि लाहा सिलवन्दी गरिएको दरभाउपत्र यस चामुण्डाविन्द्रासैनी नगरपालिकाको कार्यालय जम्बुकाँध, दैलेखमा मिति २०७९/०१/०२ गते दिनको दिउँसो १२:०० बजे भित्र बुझाउनु पर्नेछ ।

५) तोकिएको समय भित्र पेश भएका सिलवन्दी दरभाउपत्रहरु दरभाउपत्र दाता वा निजहरुको प्रतिनिधि तथा कार्यालय प्रतिनिधिहरुको रोहवरमा मिति २०७९/०१/०२ गते दिनको २:०० बजे खोलिनेछ । दरभाउपत्र दाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएपनि सिलवन्दी दरभाउपत्र खोल्न कुनै वाधा पर्नेछैन ।

६) सिलवन्दी दरभाउपत्र खरिद गर्ने,पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा सोको भोलि पल्टसम्म कायम हुनेछ ।

७) सिलवन्दी दरभाउपत्र पुरै वा आँशिक रुपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने वा रद्ध गर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई हुनेछ।

८) यस सूचनामा उल्लेख नगरिएका विषयहरु प्रचलित ऐन तथा नियम बमोजिम हुनेछ ।

९) सिलवन्दी दरभाउपत्रको कामको विवरण निम्नानुसार उल्लेख गरिएकोछ ।

| ठेक्का नम्बर | कामको विवरण | लागत रकम ( भ्याट सहित ) | धरौटी जमानत रकम रु | फाराम दस्तुर |
|---|---|---|---|---|
| ०६/०७८/७९ | देउती आ.वि. भवन निर्माण चा.वि.न.पा. ५,दैलेख | २०,००,०००।०० | ५०,०००।०० | रु १०००।०० |

प्रमुख प्रशासकिय अधिकृत

नि.प्रमख प्रशामकोय अधिकृत

Scanned with CamScanner